कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD. 2057
25th
RAJAT JAYANTI 2082

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १० | वि.सं. २०८३ वैशाख १० बिहीवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल सप्तमी | Thursday 23 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# चार वर्षसम्म अधुरै हवाई उडानमा सहुलियत दिने कर्णाली सरकारको योजना

**हवाई सेवामा सहुलियत दिने महत्वाकांक्षी कार्यक्रम घोषणा भएको चार आर्थिक वर्ष सकिनै लाग्दा पनि आवश्यक कार्यविधिसमेत बनिसकेको छैन । तामझामका साथ घोषणा गर्ने तर कार्यान्वयनको तहमा लैजाने बेला चुप लागेर बस्ने राजनीतिक र प्रशासनिक नेतृत्वका कारण कर्णालीको हवाई उडान क्षेत्रमा थपिन लागेको एउटा कोशेढुङ्गाको योजना कागजमै सीमित बनेर बसेको छ ।**

**ओम शाही**
**सुर्खेत, ९ वैशाख ।**

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टले भनेका थिए, 'कर्णाली प्रदेशमा हवाई सेवालाई भरपर्दो, सुलभ र सहज बनाउन सुर्खेत विमानस्थलबाट प्रदेशभित्रका विमानस्थलमा हुने यात्रु हवाई उडान संख्याका आधारमा हवाई सेवाप्रदायकलाई सहुलियत प्रदान गर्न रकम विनियोजन गरेको छु ।'

उक्त विषय बजेट किताबको बुदा नम्बर १५४ मा समेटिएको थियो । सुर्खेत केन्द्र बनाई कर्णालीका दुर्गम जिल्लामा उडान भर्ने एयरलाइन्सहरूलाई इन्धनमा सहुलियत दिने उद्देश्यले कर्णाली प्रदेश सरकारले उक्त आर्थिक वर्षमा एक करोड २० लाख रुपैयाँसमेत विनियोजन गरेको थियो । तर, योजना कार्यान्वयनमै नआई बजेट फ्रिज भयो । आर्थिक वर्ष २०८०/०८१ को बजेट किताबको बुदा नम्बर १६२ मा आर्थिक मामिला तथा योजना मन्त्री बेदराज सिंहले पनि यहीं विषय दोहोऱ्याए ।

एक शब्द पनि तलमाथि नपरेको उक्त बुँदामा भनिएको छ, 'सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन यात्रु हवाई उडान सङ्ख्याका आधारमा हवाई सेवा प्रदायकलाई सहुलियत प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिई सोका लागि आवश्यक रकम विनियोजन गरेको छु ।'

त्यस्तै, आर्थिक वर्ष २०८१/०८२ मा अर्थमन्त्री महेन्द्र केसीले प्रस्तुत गरेको बजेटमा पनि यो विषय दोहोरियो । तर, यो वर्ष पनि कार्यान्वयनमै नगई बजेट फ्रिज भयो । चालु आर्थिक वर्ष २०८२/०८३ मा पनि अर्थमन्त्री राजिवविक्रम शाहद्वरा प्रस्तुत बजेट किताबको ६१ नम्बर बुँदामा प्रदेशभित्रको हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सुर्खेत विमानस्थललाई केन्द्र बनाएर हुम्ला, मुगु, डोल्पा, जुम्ला र कालिकोटमा नियमित उडान भर्ने हवाई सेवा प्रदायकलाई आवश्यक सहयोग र सहुलियतको व्यवस्था मिलाइने भनिएको छ ।

यहीं शिर्षकमा २० लाख बढी बजेट व्यवस्थापनसमेत गरिएको छ । तर, महत्वाकांक्षी कार्यक्रम घोषणा भएको चार आर्थिक वर्ष सकिनै लाग्दा पनि आवश्यक कार्यविधिसमेत बनिसकेको छैन । तामझामका साथ घोषणा गर्ने तर कार्यान्वयनको तहमा लैजाने बेला चुप लागेर बस्ने राजनीतिक र प्रशासनिक नेतृत्वका कारण कर्णालीको हवाई उडान क्षेत्रमा थपिन लागेको एउटा कोशेढुङ्गाको योजना कागजमै सीमित बनेर बसेको छ ।

सडक यातायात कठिन रहेका कर्णालीका हिमाली तथा दुर्गम जिल्लाका नागरिकहरूलाई नियमित रूपमा सहज, सुलभ हवाई सेवामा जोड्ने उद्देश्यका साथ प्रदेश सरकारले यस्तो कार्यक्रम ल्याएको थियो । यो कार्यक्रमको मुख्य उद्देश्य यात्रु अभावका कारण नेपालगन्ज स्थानान्तरण भएका निजी हवाई सेवा प्रदायक कम्पनीलाई सुर्खेत विमानस्थलमा फर्काउनु थियो ।



यसबाट कर्णालीका दुर्गम जिल्लामा सुर्खेत विमानस्थलबाट नियमित हवाई सेवा सुचारु हुने र यसले कर्णालीको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा प्रदेश सरकारको थियो । निजी एयरलायन्सहरूलाई इन्धनमा सहुलियत दिने घोषणा गर्नुअघि प्रदेश सरकारले कर्णालीका ज्येष्ठ नागरिकहरूका लागि जहाज टिकटमा एक हजार रुपैयाँ सहुलियत दिन्थ्यो ।

तर, नागरिकको सहुलियतपूर्ण टिकटमा पहुँच नै कम हुन थालेपछि प्रदेश सरकारले निजी हवाई सेवा प्रदायकलाई इन्धनमा सहुलियत दिने कार्यक्रमको घोषणा गरेको थियो । तर, त्यो घोषणामै सीमित भइरहेको छ । सडक सञ्जालले नछोएका कर्णालीका उच्च पहाडी र हिमाली जिल्लाहरूमा यातायातको एक मात्र माध्यम भनेकै हवाई सेवा मात्र हो । तर यात्रु अभावका कारण निजी सेवा प्रदायक कम्पनीहरुले सुर्खेत विमानस्थलबाट उडान भर्न बन्द गरेपछि नागरिकलाई प्रदेश राजधानी सुर्खेत आउन नेपालगन्ज धाउनुपर्ने बाध्यता छ ।

## के भन्छ प्रदेश सरकार ?

प्रदेश सरकारले हवाई उडानमा सहुलियत दिने कार्यक्रम कार्यान्वयन गर्न संघीय नागरिक उड्डयन मन्त्रालय र हवाई कम्पनिहरुसँग विभिन्न चरणमा छलफल गरेको भएपनि निष्कर्षमा पुग्न नसकिएको दावी गर्दै आएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सूचना अधिकाकारी महेश नेपालीले हवाई सेवामा सहुलियत दिने विषय प्रदेश सरकारले मात्र निर्णय गर्न नसक्ने भएकाले संघीय सरकारसँग समन्वय भइरहेको बताउँछन् ।

'अहिले यही विषयलाई प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा राख्ने तयारी गरेका छौं,' उनले भने, 'प्रदेश मन्त्रालयले मात्र निर्णय गरेर नहुने भएकाले संघीय सरकारसँग छलफल भइरहेको छ ।' हाललाई यस योजनाका लागि निश्चित बजेट विनियोजन गरिएको भएपनि कानुनी स्पष्टता र अन्तर निकायबीच समन्वय नहुँदा कार्यक्रम कार्यान्वयनमा ढिलाइ भएको उनको दावी छ । उनले मुख्यमन्त्रीको नेतृत्वमा समस्या समाधानका लागि पहल भइरहेको र कार्यविधि बनेपछि मात्रै नागरिकले सहुलियतपूर्ण उडानको सुविधा पाउने दावी गरे ।

उनले भने, 'हवाई सहुलियतका लागि कार्यविधि बनाउँनु पर्ने हुन्छ । कस्तो प्रकारको कार्यविधि बनाउने भन्ने विषयमा संघीय सरकारसँग आवश्यक छलफल र समन्वय बिना सम्भव हुँदैन । प्रदेश सरकारले निर्माण गर्ने कार्यविधि संघसँग बाझिन सक्ने भएकाले थप छलफल गर्न लागिएको हो ।' सूचना अधिकारी नेपालीको भनाईलाई आधार मान्ने

बाँकी ३ पेजमा

# नौबस्ता औद्योगिक क्षेत्र अब कार्यान्वयनतर्फ डीपीआर संशोधनसँगै निर्माणले गति लिने संकेत

**युग संवाददाता**
**कोहलपुर, ९ वैशाख ।**

लामो समयसम्म घोषणामै सीमित रहेको बैजनाथ गाउँपालिका-३ स्थित नौबस्ता औद्योगिक क्षेत्र अब व्यवहारमै रूपान्तरण हुने संकेत देखिएको छ । नयाँ सरकार गठनसँगै परियोजनाको डिटेल प्रोजेक्ट रिपोर्ट (डीपीआर) संशोधन प्रक्रिया अघि बढाइएपछि निर्माण कार्यले गति लिने अपेक्षा गरिएको हो ।

नेपाल सरकारअन्तर्गत औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले देशभरका औद्योगिक क्षेत्रहरू एकैसाथ अघि बढाउने रणनीतिअनुसार नौबस्ताको डीपीआर परिमार्जन प्रक्रिया सुरु गरेको जनाएको छ । यसअघि २०७५ सालमै स्वीकृत डीपीआरमा करिब आठ अर्ब लागत अनुमान गरिए पनि कार्यान्वयनमा ढिलाइ हुँदा आयोजना अन्योलमा परेको थियो ।

संशोधित डीपीआरमार्फत निर्माण मोडालिटी, प्रक्रिया र आवश्यक पूर्वाधारलाई स्पष्ट पार्दै परियोजनालाई कार्यान्वयन चरणमा लैजाने तयारी गरिएको लिमिटेडका निर्देशक सञ्जयलाल मानन्धरले जानकारी दिए । उनका अनुसार अब सरकारले एकमुष्ट रूपमा औद्योगिक क्षेत्र निर्माण अघि बढाउने विषयमा ठोस निर्णय लिनेछ ।

औद्योगिक क्षेत्रभित्र सडक, ढल, विद्युत् सबस्टेसन, खानेपानी आपूर्ति तथा फोहोरमैला व्यवस्थापनजस्ता आधारभूत पूर्वाधार निर्माण गर्ने योजना छ । सुरुमा ५२५ बिघामा प्रस्तावित क्षेत्र अहिले ३३८ बिघामा सीमित गरिएको छ भने बस्ती व्यवस्थापनका लागि ५५.६ बिघा जमिन छुट्टाइएको छ ।

परियोजना कार्यान्वयनमा सबैभन्दा ठूलो अवरोधको रूपमा रहेको बस्ती व्यवस्थापन प्रक्रिया पनि अब अन्तिम चरणमा पुगेको छ । औद्योगिक क्षेत्रभित्र रहेका संरचनाहरू हटाउने कार्य भइरहेको छ भने बाँकी रहेका केही घरहरू समेत चालु आर्थिक वर्षभित्र व्यवस्थापन गरिने तयारी गरिएको छ ।

नयाँ सरकारको सक्रियतासँगै स्थानीय तह र निजी क्षेत्र दुवै पक्ष उत्साहित देखिएका छन् । बैजनाथ गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीले आयोजना अघि बढेमा स्थानीय विकासमा ऐतिहासिक उपलब्धि हाँसिल हुने बताए । त्यस्तै, उद्योग वाणिज्य संघका अध्यक्ष टंकबहादुर धामीले रोजगारी सिर्जनाका लागि यस्तो परियोजना तत्काल सुरु गर्नुपर्नेमा जोड दिए ।

लामो प्रतीक्षापछि नौबस्ता औद्योगिक क्षेत्रले अब गति लिने संकेत देखिएको छ । योजना कार्यान्वयनमा रूपान्तरण भएमा यसले बाँके मात्र नभई समग्र लुम्बिनी प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# पञ्चकोशीमा धार्मिक पर्यटन मेला

**युग संवाददाता**
**सुर्खेत, ९ वैशाख ।**

ज्वाला क्षेत्रका नामले परिचित कर्णालीको पवित्रस्थल दैलेख पञ्चकोशीको नाभिस्थानमा धार्मिक पर्यटन मेला लाग्ने भएको छ । पञ्चकोशी क्षेत्र विकास संस्था दैलेखद्वारा आज सुर्खेत वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमार्फत पञ्चकोशी धार्मिक पर्यटन मेला आयोजक समितिका अध्यक्ष नवीन योगीले जगत् जननी सत्यदेवीको नाभी पतन भएको नाभीस्थानमा यही वैशाख १३ गतेदेखि १९ गनेसम्म मेला सञ्चालन हुने जानकारी दिए ।

हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र पञ्चकोशी क्षेत्रको महत्वलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउन, प्राकृतिक, ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक पक्षलाई उजागर गर्न, पूर्वाधारको तीव्र विकास गराउन र धार्मिक पर्यटनमार्फत कर्णालीको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने उद्देश्यका साथ कार्यक्रम सञ्चालनको तयारी थालिएको अध्यक्ष योगीले बताए । उनका अनुसार धार्मिक मेला सञ्चालन गर्न रु २२ लाख खर्च हुने अनुमान गरिएको छ ।

"पादुका, नाभिस्थान, कोटीला, श्रीस्थान र धुलेश्वरसहितको पाँच शक्तिपीठहरुलाई समेटेर पञ्चकोशीको नाम दिइएको केन्द्र भाग पर्ने नाभीस्थानमा सञ्चालन हुने मेलामा नेपालभरि तथा भारतबाट धर्मप्रति आस्थावान श्रद्धालुजनहरु आउने आशा गरिएको छ", उनले भने, "भारतबाट आउने र नेपालका योगी, सन्तहरुका लागि आवाससहित सबै कुराको प्रबन्ध गरिएको छ ।"

बाँकी ४ पेजमा

## हाँसौः स्वस्थ रहौं ।

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरूसँग हाँसों र रमाइलो समय बिताओं.
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

**हाँसौं र हँसाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# संसदप्रति उत्तरदायी बन !

प्रदेशसभा निर्वाचन अन्तरगत २०७९ मा सम्पन्न प्रदेशसभा सदस्य चुनावमा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमार्फत कर्णालीमा ४० जना सांसद निर्वाचित भए। कर्णाली प्रदेशको साशकीय स्वरुप अनुसार प्रत्यक्षतर्फ २४ र समानुपातिक निर्वाचन प्रणालीतर्फ १६ जना सांसद चुनिने व्यवस्था छ। कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालमा नेपाली कांग्रेसका १४, नेपाली कम्यूनिष्ट पार्टी (नेकपा) का १४, नेकपा एमालेका १०, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र स्वतन्त्रबाट एक/एक सांसद छन् । प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो बैठक १८ पौष २०७९ मा बसेको थियो । बितेका तीन वर्षको अवधिमा हिउँदे र बर्खे अधिवेशन गरी प्रदेशसभामा सात वटा बैठक सम्पन्न भएका छन् । सातौ बैठकसम्म आइपुग्दा कुल एक सय ७३ दिन संसद चलेको छ। जसमा पहिलोमा १५, दोस्रोमा ३९, तेस्रोमा ११, चौथोंमा ३३, पाँचौमा ३१, छैटौंमा ३४ र सातौं बैठक १० दिन चलेको छ। यी बैठकहरुमा आवश्यक जनमैत्री कानुन निर्माण र सरकारले ल्याउने वार्षिक नीति, कार्यक्रम तथा बजेटमाथि महत्वपूर्ण छलफल भएका छन् ।

साथै, आमनागरिकसँग जोडिएका सार्वजनिक महत्वका विषय पनि यसक्रममा उठेका छन्। बिडम्बना जनताको अभिमत लिएर गएका सांसदहरु संसदप्रति उत्तरदायी भने देखिएका छैनन् । यो अवधिका बैठकमा कुनै पनि सांसदले सतप्रतिशत उपस्थिती जनाएनन् । तर पारिश्रमिक भने पुरै बुझेका छन् । जनताको आवाज मुखरित गर्ने तिनै जनताको अभिमत ल्याएर आएका सांसदले संसदलाई प्राथमिकतामा नराख्नु जनताप्रतिको उत्तरदायित्व र कर्तव्यबोधको कमी हो । यसले संसदमा अनुपस्थित हुनाले कानुन निर्माण प्रक्रिया सुस्त हुने र लोकतान्त्रिक प्रणाली कमजोर बन्छ। अर्को महत्वपूर्ण विषय हाम्रा विद्यायकहरुलाई आफ्नो काम के हो भन्ने नै थाहा नभए जस्तो देखिन्छ। यो उनीहरुको गैर जिम्मेवारीपन हो । यस्तो प्रवृतिलाई चेक एण्ड ब्यालेन्स गर्ने परिपाटीको अभाव छ । सांसदको काम भनेकै कानुन निर्माण गर्ने र सरकारका कार्यसम्पादनमा खबरदारी गर्ने हो ।

यसै कारण पनि सांसदहरु संसदप्रति उत्तरदायी नहुँदा सरकारले जनअपेक्षा अनुसार काम गऱ्यो वा गरेन भन्ने विषयमा मापन गर्न सकिदैन । सांसदहरु संसदमै नआउने परिपाटीको अन्त्य गर्न वास्तवमा कन्ट्रोल मेकानिजम बनाउनु पर्ने हो । तर, हामीकहाँ यसको अभ्यास हुन सकेको छैन। यसर्थ, जनताको आवाज संसदमा बोल्ने जिम्मेवारी पाएर पनि आफुखुशी संसद छल्ने माननियलाई सजग गराउनेदेखि तलब कट्टा नगरेसम्म यो समस्या समाधान हुनेवाला छैन । सांसदका नाममा सेवा सुविधा लिने तर, संसद छल्ने प्रवृत्ति राज्यस्रोतको दुरुपयोग ठहरिन्छ। संसदमा पुराका पुरा दिन उपस्थित हुन कहिले कसो व्यवहारिक पाटोले छेक्नु स्वभाविक हो। तर, २० दिनभन्दा बढी बैठकमा उपस्थित नहुनु भनेको संसदप्रतिको अपेक्षा हो । त्यसैले हाम्रा सांसदहरुले आफ्नो कर्तव्य र जिम्मेवारी बोध गरेर आफ्नो कार्यकालभर जनपक्षीय काम गर्नतर्फ ध्यान केन्द्रित गरुन । यसो हुन सकेमात्रै जनमतको कदर हुन्छ। संसदीय अभ्यासमा इमान्दारिता देखाउँन सकेमात्र सांसदको गरिमा जोगिन्छ। चेतना भया ।

## विश्व

# ट्रम्पले इरानसँगको युद्धविराम अवधि अनिश्चितकालका लागि लम्ब्याए



**काठमाडौँ, ९ वैशाख ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविरामलाई लम्बाएका छन् । युद्ध अन्त्यका लागि प्रस्ताव ल्याउन तेहरानलाई थप समय उपलब्ध गराउन अमेरिकी सेनाले योजनाबद्ध आक्रमण रोक्ने समेत उनले बताएका छन् ।

पाकिस्तानको आग्रहपछि यस्तो घोषणा गरिएको ट्रम्प आफैंले उल्लेख गरेका छन् । यसअघि इरानसँग भएको दुई साता लामो युद्धविराम बुधबार (आज) सकिँदै थियो । त्यसअघि नै ट्रम्पले मंगलबार राति एकपक्षीय रूपमा युद्धविरामको समय लम्ब्याएका हुन् ।

उनले थपिएको युद्धविरामको समयसीमा भने उल्लेख गरेका छैनन् । यद्यपि, वार्ता टुंगोमा नपुग्दासम्म जारी रहने उनले बताएका छन्। 'त्यसैले मैले हाम्रो सेनालाई नाकाबन्दी जारी राख्न निर्देशन दिएको छु र अन्य सबै पक्षमा तयारी अवस्थामा रहन तथा सक्षम रहन भनेको छु,' उनले सामाजिक सञ्जाल पोस्टमा भनेका छन्, 'त्यसकारण, उनीहरूको प्रस्ताव पेश हुने र छलफल कुनै न कुनै निष्कर्षमा पुग्ने समयसम्म युद्धविरामलाई निरन्तरता दिनेछु।'

इरानले भने अहिलेसम्म यसबारे कुनै प्रतिक्रिया जनाएको छैन । इरानको अर्धसरकारी समाचार संस्था तासनिमले युद्धविरामबारे तेहरानको धारणा औपचारिक रूपमा पछि सार्वजनिक गरिने उल्लेख गरेको छ।

ट्रम्प युद्धविरामबारे आफ्नै पूर्व भनाइबाट एकाएक पछि हटेका हुन् । युद्धविराम लम्ब्याउने घोषणा गर्नुभन्दा एक घण्टाअघि उनले सामाजिक सञ्जालमा युद्धविराम नलम्ब्याउने बताउँदै इरानका संरचनाहरूमा ठूलो आक्रमण गर्ने समय नजिकिएको बताएका थिए।

इरानले भने आफ्ना बन्दरगाहमा अमेरिकाले गरेको नाकाबन्दीको विरोध गदै 'पाकिस्तानमा हुने भनिएको दोस्रो चरणको वार्तामा सहभागी हुन अस्वीकार गरेको छ।

युद्धविराम लम्ब्याउने ट्रम्पको घोषणालाई पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले स्वागत गर्दै युद्धको अन्त्यका लागि सम्झौताको प्रयास जारी राख्ने बताएका छन् ।

# सामुदायिक विद्युतीकरणमा नीतिगत एवं व्यवस्थापकीय सुधारको पहल



नारायण ज्ञवाली

ऊर्जा क्षेत्रजस्तो दीर्घकालीन प्रभाव पार्ने क्षेत्रमा समन्वय, निरन्तरता र स्पष्ट नीति दिशा अपरिहार्य छ । दिगो ऊर्जा विकासका लागि संस्थागत स्थिरता, उत्तरदायी कार्यान्वयन र बहुपक्षीय सहकार्य अपरिहार्य आधार हुन् । यी तत्वलाई केन्द्रमा राख्दा विश्वास निर्माण हुन्छ र दीर्घकालीन प्रगति सुनिश्चित हुन्छ । नेपालमा जलविद्युत् उत्पादनको इतिहास एक शताब्दीभन्दा बढी (११४ वर्ष) पुरानो भए पनि अझैसम्म पूर्ण विद्युतीकरण हासिल हुनसकेको छैन।

विशेषगरी ग्रामीण क्षेत्रमा सामुदायिक विद्युतीकरणमार्फत उज्यालो नेपाल बनाउने अभियानमा सामुदायिक संस्थाहरूले खेलेको भूमिका अत्यन्तै महत्त्वपूर्ण र प्रशंसनीय छ तर पनि विद्युतसम्बन्धी स्पष्ट तथा सुदृढ कानुनको अभाव, सङ्घीय संरचनाअनुसार प्रभावकारी विकेन्द्रीकरण हुन नसक्नु, गुणस्तरीय, नियमित र सर्वसुलभ विद्युत् सेवा सबै नागरिकसम्म पुग्न नसक्नुजस्ता चुनौतीहरू अझै विद्यमान छन् । जलस्रोतमा सम्पन्न राष्ट्र भएर पनि जलविद्युत्मा आत्मनिर्भर हुन नसक्नु हाम्रो प्रमुख कमजोरीका रूपमा रहेको छ।

नेपाल सरकारले २०६० सालदेखि प्रारम्भ गरेको सामुदायिक विद्युतीकरण कार्यक्रम समुदायको आर्थिक सहभागिता तथा प्रत्यक्ष संलग्नतामा आधारित एक सफल नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ । नेपाल विद्युत् प्राधिकरणअन्तर्गत सामुदायिक ग्रामीण विद्युतीकरण विभागमार्फत कार्यान्वयन र समुदायबाट व्यवस्थापन भइरहेको यो कार्यक्रम हालसम्म ५५ जिल्लामा ३०२ वटा संस्थामार्फत करिब छ लाख घरधुरीमा विद्युत् सेवा विस्तार गरिएको छ । संरचना निर्माणमा समुदायको प्रत्यक्ष संलग्नतासहित दुई अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ । यसरी समुदायको स्वामित्व र सहभागितामा सञ्चालन भएको यो कार्यक्रम नेपालकै एक उत्कृष्ट तथा अनुकरणीय नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ।

सामुदायिक विद्युतीकरण कार्यक्रमले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा विद्युत् पहुँच विस्तार मात्र होइन, स्थानीय आर्थिक तथा सामाजिक विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याएको छ। कार्यक्रममार्फत तीन हजारभन्दा बढी प्रत्यक्ष तथा तीन हजार ५०० भन्दा बढी अप्रत्यक्ष रोजगारी स्थानीयस्तरमै सिर्जना भई व्यवस्थापन गरिएको छ। साथै, स्थानीय सहभागितामार्फत विद्युत् चुहावट नियन्त्रण, सेवा गुणस्तर सुधार तथा सरल, सहज र प्रभावकारी घरदैलो सेवा प्रवाह सुनिश्चित गरिएको छ। उज्यालो नेपाल अभियानमा समेत यस कार्यक्रमको विशेष योगदान उल्लेखनीय रहेको छ।

यसै सन्दर्भमा, देशभर सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन गरिरहेका सामुदायिक संस्थाहरूको छाता संस्थाको रूपमा सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल क्रियाशील रहेको छ । महासङ्घले सामुदायिक संस्थाहरू, नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थाहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्दै सहकार्य, सहजीकरण तथा अनुभव आदान-प्रदानको प्रभावकारी पुलको रूपमा काम गर्दै आएको छ। यस संस्थामार्फत सामुदायिक विद्युतीकरण कार्यक्रमलाई थप व्यवस्थित, दिगो र प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण योगदान पुगिरहेको छ। तथापि, यस कार्यक्रमले नीतिगत, कानुनी तथा व्यावहारिक तहमा विभिन्न चुनौतीहरू भोग्दै आएको अवस्था विद्यमान छ । यस सन्दर्भमा, सामुदायिक विद्युतीकरण कार्यक्रमको दिगो विकास तथा प्रभावकारी सञ्चालनका लागि निम्न विषयहरूमा नीतिगत तथा बजेटीय व्यवस्थापन आवश्यक रहेको छः

नीतिगत तथा कानुनी स्पष्टताः सामुदायिक विद्युतीकरण कार्यक्रमलाई स्पष्ट कानुनी आधार प्रदान गर्दै विकेन्द्रित प्रणालीमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने व्यवस्था गर्न आवश्यक रहेको छ । जसका लागि विद्युत् ऐन पटक-पटक संसद्मा प्रवेश गरेता पनि हाल विचाराधीन रहेको छ।

विनियमावली संशोधनः हाल सञ्चालनमा रहेका सामुदायिक विद्युतीकरणसम्बन्धी विनियमहरूलाई समयानुकूल परिमार्जन गरी सरोकारवालाहरू तथा विद्युत् महासङ्घको सहभागितामा आवश्यक संशोधन गर्नुपर्नेछ । नेपाल विद्युत प्राधिकरणमा सामुदायिक विद्युत विनियमावली संसोधन गर्न कार्यदलको गठन भएता पनि कार्य अघि बढ्न सकेको छैन।

विद्युत् महसुल संरचनाः व्यावहारिक, पारदर्शी र न्यायोचित महसुल प्रणाली निर्माण गरी समुदायका उपभोक्ताहरूलाई सहज सेवा सुनिश्चित गर्नुपर्छ र सामुदायिक संस्था पनि दिगो रूपमा सञ्चालन हुनसक्ने प्रकारको महशुल संरचना आवश्यक छ । पटक-पटक विज्ञ प्रतिवेदन, सामुदायिक संस्थाको माग, अन्तरक्रिया छलफल भएता पनि महशुलमा पुनरावलोकन हुन सकेको छैन । विद्युत् विक्री दर भन्दा खरिद दर महंगो हुँदा कृषि तथा खानेपानीमा समस्या छ, साथै सेवा शुल्क अन्यायपूर्ण छ।

बजेट तथा लगानी सुनिश्चितताः कार्यक्रमलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन पर्याप्त बजेट व्यवस्था गरी प्रणाली सुदृढीकरण तथा ऊर्जा उपयोगलाई प्रोत्साहन गर्न आवश्यक छ। सामुदायिक संस्थाहरूले प्रणाली सुदृढीकरण गर्न १० प्रतिशत सहभागिता रकमसहित प्रस्ताव पेश गरेका छन्। नेपाल सरकारबाट विनियोजित वजेटको अभावमा काम हुनसकेको छैन, जसबाट समुदायमा गुणस्तरीय विद्युत् प्रवाह गर्न समस्या परेको छ।

निर्माण तथा व्यवस्थापन प्रणालीः साना-ठूला निर्माण कार्यहरूमा स्थानीय उपभोक्ताको सहभागिता बढाई छिटो, गुणस्तरीय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनु आवश्यक छ। विद्यमान सार्वजनिक खरिद ऐनले दिएको सीमाभित्र उपभोक्ताहरूलाई निर्माण कार्यमा सहभागी बनाउनु आवश्यक छ। यस सम्बन्धमा ट्रान्सफर्मर अपग्रेड लगाएतका साना कामहरूमा निर्माण व्यवसायीको प्राथमिकता नरहने, पटक पटक बोलपत्र आह्वान गर्दा समेत निर्माण व्यवसायी तयार नहुने गर्दा स-साना कामहरू उपभोक्ता समितिमा रहेको जनशक्तिको मूल्याङ्कनको आधारमा तय गरी गुणस्तर नियन्त्रणको काम प्राधिकरणबाट हुने गरी गरिनु अपरिहार्य छ।

सामुदायिक लगानीको मान्यताः समुदायले विद्युत् संरचना निर्माणमा गरेको लगानीलाई हालसम्म प्राधिकरणमा पूँजीकरण गरिएको भएतापनि समुदायको स्वामित्वको स्पष्ट मान्यता नपाएको अवस्थामा उक्त लगानीलाई औपचारिक रूपमा मान्यता दिई संस्थागत स्वामित्व सुनिश्चित गर्ने नीति आवश्यक छ। समुदायले विद्युत् सहकारी संस्थामा शेयरको रुपमा लगानी गरेको, लगानी गरेको रकम प्राधिकरणमार्फत विद्युत संरचनामा खर्च भई प्राधिकरणले पुँजीकरण गरेको अवस्थामा समुदायले सहकारीमा जम्मा गरेको रकमले थप विवाद सिर्जना गरेकोले समुदायबाट लगानी गरेको रकमलाई प्राधिकरणले उत्पादन कम्पनीहरूमा शेयरको रुपमा राखी समुदायको लगानीको सुनिश्चितता गरिनु आवश्यक छ।

नेपाल सरकारले अघि सारेको सुशासनको मार्गचित्रलाई व्यवहारमा उतार्दै सामुदायिक विद्युतीकरण क्षेत्रमा देखिएका समस्याहरूको समाधान तथा यसको प्रभावकारिता वृद्धि गर्न नीतिगत, कानुनी तथा बजेटीय तहबाट आवश्यक पहल गर्नु पर्ने हुन्छ। यसबाट ग्रामीण तथा दुर्गम क्षेत्रका करिब १५ प्रतिशत नागरिकले गुणस्तरीय, भरपर्दो र सुलभ विद्युत् सेवा प्राप्त गर्नेछन् । यस नवीन राजनीतिक परिवेशमा, जनताको नयाँ जनादेशसहित सरकार निर्माण भइरहेको सन्दर्भमा विगतका सकारात्मक पहलहरूलाई निरन्तरता दिँदै कमजोरीहरू सुधार गरी स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न आवश्यक छ।

वर्तमान सरकारबाट देशमा सुशासन, दिगो विकास र स्थायी शान्ति स्थापना गर्दै आम नेपालीले प्रत्यक्ष महसुश गर्ने गरी प्रभावकारी सरकारी सेवा प्रवाह हुन सकोस् भन्ने अपेक्षा गरेका छन्। आयातित विद्युतबाट लोडसेडिङको अन्त्य गरिएको, सामुदायिक संस्थाहरूको काम चलाउ विद्युतिकरण संरचनाको भरमा विद्युत् पहुँच ९८ प्रतिशत पुऱ्याइएको, आधारहिन आधारमा विद्युत् महशुल छुट गरी विद्युत्को उपभोगलाई पहुँचयोग्य बनाइएको भनिएको भए पनि प्रयाप्त उत्पादन, भरपर्दो प्रसारण लाइन र विद्युतीकरण, सबैका लागि वास्तविक पहुँच र वैज्ञानिक शुल्क निर्धारण आज पनि चुनौतीको विषय हुन्। यी चुनौतीहरूको समाधानतर्फ पनि वर्तमान सरकारबाट ठोस पहल हुने अपेक्षा गरिएको छ।

नेपालमा सशस्त्र द्वन्द्व भई विकास निर्माण तथा कर्मचारीहरू ग्रामीण क्षेत्रमा गई सेवा दिन र विद्युत् विस्तार गर्न नसकेको अवस्थामा सामुदायिक संस्थामार्फत सामुदायिक विद्युतीकरण गरी पूर्ण विद्युतीकरण गर्न सहयोगी भूमिका खेलेका सामुदायिक संस्थाहरूलाई अबमूल्यन होइन, राज्यबाट उचित मूल्याङ्कन गरी यस कार्यक्रमको प्रभावकारिताको लागि आवश्यक नीति तर्जुमा गर्नुपर्छ। माथि उल्लेखित विषयवस्तुहरूलाई समेटी सामुदायिक विद्युतीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन र नीतिगत सुधारका लागि विशेष आग्रहका साथ महासङ्घको तर्फबाट प्रधानमन्त्री बालेन्द्र शाह र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई मागपत्र पनि बुझाइएको छ । सरकारका सुशासनका १०० मार्गीचत्र अभियानको प्रशंसा गर्दै राज्यलाई थप जनमैत्री बनाउने विश्वास व्यक्त गरेको छ।

*(लेखक सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल अध्यक्ष हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

**वृष** — अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम गर्ने समय छ।

**मिथुन** — काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**कर्कट** — खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला। सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ। उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ।

**सिंह** — केही रकम हातलागी भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ। आफ्ना सामानमा अरूले दाबी गर्लान्। अवसरवादीहरूबाट सजग रहनुहोला।

**कन्या** — आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । मिहिनेत गर्दा आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ।

**तुला** — प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। समस्या दर्शाएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ।

**वृश्चिक** — अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। लगानीमा जोखिम बढ्ने समय छ। गोपनीयता बाहिरिन सक्छ।

**धनु** — प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ।

**मकर** — काम बन्नुका साथै भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। लगनशीलताले नयाँ काम गर्ने अवसर दिलाउनेछ।

**कुम्भ** — मेहनतले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**मीन** — अनावश्यक हल्लाको पछि लाग्दा दुःख पाइनेछ । प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ । बेसुरमा दिइएको वचनले पनि समस्या निम्त्याउला।

# वडा कार्यालय पुग्न २४ किलोमिटर दूरी पार गर्नुपर्ने

**युग संवाददाता**
**बाँके, ९ वैशाख ।**

बाँकेको राप्तीसोनारी गाउँपालिकाको विकट क्षेत्रमा रहेको बासखली चुनभट्टी क्षेत्रका वस्तीबाट वडा कार्यालय पुग्न करिब २४ किलोमिटर दूरी पार गर्नुपर्ने बाध्यता रहेको छ।

भारतीय सीमावर्ती क्षेत्रमा अवस्थित बासखली, चुनभट्टी, खैर भट्टी, कुन्टेपानी, महेशपुर, गुर्दनगौडी, जुरुवा र तल्लो बासखली लगायतका क्षेत्रबाट वडा कार्यालय राप्तीसोनारी-४ बैजापुर पुग्न कम्तीमा चार घण्टा लाग्ने बैजापुरका स्थानीय अगुवा तुलसीराम थारुले बताए।

"सडक नहुँदा वडा कार्यालयमा सेवा लिन चार घण्टा हिँडेर पुग्नुपर्ने बाध्यता रहेको छ", थारुले भने, "यहाँका जनताले स्थानीय सरकारको अनुभूतिसम्म गर्न नपाएकाले अब सहज सेवा सुविधाको लागि छुट्टै वडा कायम गर्नुपर्दछ।"

उनका अनुसार, राप्तीसोनारी गाउँपालिकाको दुर्गम क्षेत्रका रूपमा चिनिने गुर्दनगौडी र खयरभट्टी क्षेत्रका जनताको अवस्था निकै कष्टकर छ। यस क्षेत्रका जनताले अझै पनि आधार भूत सेवा सुविधाबाट वञ्चित हुनुपरेको छ। वडा कार्यालयबाट खयरभट्टीसम्म करिब १४ किलोमिटर दूरी भए पनि भारतीय सीमा क्षेत्रमा रहेको महेशपुर थप १० किलोमिटर टाढा रहेको छ।

वडा कार्यालयको केन्द्र बैजापुरबाट टाढा र दुर्गममा पर्ने भएकाले खयरभट्टी क्षेत्रमा सेवा प्रवाहमा कठिनाइ हुने गरेको वडाध्यक्ष मीनराज खड्काले जानकारी दिए। खयरभट्टी क्षेत्रका नागरिक न्यूनतम आधारभूत सेवाबाट वञ्चित रहँदै आएका छन्। तीन सय ५० घरधुरी र करिब ४०० मतदाता रहेको यो क्षेत्रलाई छुट्टै वडा र मतदान केन्द्र कायम गर्नुपर्ने माग अनौपचारिक रुपमा उठ्दै आए पनि औपचारिक रुपमा प्रवेश हुन नपाएको उनले बताए। गाउँसम्म पुग्ने सडक नहुँदा पैदल यात्रा गर्नुपर्ने बाध्यता रहेको छ। स्वास्थ्य, शिक्षा र खानेपानीको समस्या रहेको छ। गाउँपालिकाका प्रवक्तासमेत रहेका वडाध्यक्ष खड्काले नागरिकलाई पायक पर्ने स्थानमा वडा कार्यालय र मतदान केन्द्र कायम गरिनुपर्ने माग औपचारिक रुपमा माग आए कार्यपालिकामा पेस गरेर प्रक्रिया अगाडि बढाइने बताए।

यो क्षेत्रमा स्वास्थ्य चौकी वा सहज स्वास्थ्य सेवाको पहुँच नहुँदा सामान्य बिरामी पर्दा निकै टाढासम्म जानुपर्ने र प्रसूति सेवाको अभावमा जोखिमपूर्ण अवस्थामा बस्नुपर्ने बाध्यता छ। शिक्षाको अवस्था नाजुक छ। बालबालिकाहरू लामो दुरी पैदल हिँडेर विद्यालय जान बाध्य छन्, जसले गर्दा विद्यालय छोड्ने दर उच्च छ।

बाँकेका प्रमुख जिल्ला अधिकारी दीलबहादुर तामाङले मतदान केन्द्र स्थापना गर्ने कार्य समस्या नरहेको बताए। वडा विभाजनको कुरा औपचारिक रुपमा कार्यपालिकाबाट निर्णय भएर आए आफूले आवश्यक समन्वयका साथ अगाडि बढाउने उल्लेख गरे।

## के भन्छ...

हो भने चालु आर्थिक वर्ष सकिन तीन महिना बाँकी रहदा यस वर्ष पनि उक्त कार्यक्रमले पूर्णता नपाउने निश्चित छ।

किनभने हालसम्म पनि हवाई उडानमा सहुलियत दिनेगरी प्रदेशले मात्रै योजना बनाएको छ। सहुलियतको मोडालिटी कस्तो रहने भन्ने अन्यौलताका बीच यो प्रस्ताव संघीय सरकारको नागरिक उड्ययन मन्त्रालयमा पेश गरेर कार्यविधि निर्माण भई कार्यान्वयनमा लैजान बाँकी तीन महिनाको समय पर्याप्त देखिदैन।

---

# Chure Rural Municipality
# Office of Rural Municipal Executive

**Gharkheda, Kailali**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No: CRM/SQ/Goods/10/082/083**
**Date of publication: 23-April-2026 (10 Baisakh 2083)**

1. The Chure Rural Municipality invites sealed quotations from registered Suppliers for the Supply And Delivery Of Sanitary Pads.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chure Rural Municipality, Gharkheda, Kailali, Email: chure.gaupalika@gmail.com, Contact No: 9858488012 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost of Rs 1,000 /- of bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Laxmi Sunrise Bank Ltd** **Name of Office: Chure Rural Municipality**
   **Office Code no. 80777502**
   **Office Account no.: 0820529963703003 (for bid security)**
   **Office Account no.: 0820529963703006 (for bid document)**
4. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2083/01/25 (May 8, 2026). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 Pm on May 08, 2026 at the office of Chure Rural Municipal Executive Office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs 26,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

---

# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**अत्तरिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति : २०८३/०१/१०**

यस गोदावरी नगरपालिकाबाट मिति २०८२।११।२८ गते प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम निर्धारित समयभित्र रितपूर्वक दर्ता भएका दरभाउपत्रहरुमध्ये तपसिल बमोजिमको दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्र सारभूतरुपमा प्रभावग्राही न्यून मूल्याङ्कित देखिएको हुँदा स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कामको विवरण, बोलपत्र संकेत नं. | बोलपत्रदाताको नाम, ठेगाना | मूल्याङ्कित रकम (मू.अ. कर र पी.एस बाहेक) रु. | कैफियत |
|---|---|---|---|---|
| 1. | Construction of RCC drain at near Godawari Fm. ward no2 GM/SQ/W/2082/83/07 | M/S LB construction and order suppliers, Bajura | 10,76,362.5 | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## विद्युतीय इन्डक्सन चुलो खरिद गर्नुपर्ने सम्बन्धी सूचना

**मिति : २०८३/०१/०४**

उपरोक्त सम्वन्धमा आ.व २०८२/०८३ को लागि यस नगरपालिका भित्रका सम्पर्ण वडाहरुमा वितरणका लागि विद्युतीय इन्डक्सन चुलो खरिद गर्नुपर्ने भएकोले आधिकारिकरुपमा दर्तावाल उध्योगी व्यवसायीले नगरपालिकाको Website वाट डाउलोड गरि आधिकारिक प्रमाण पत्र सहित तपशिलमा उल्लेखित मापदण्ड सहित कार्यालयमा पेश गर्नको लागि १५ दिने सूचना प्रकासन गरिएको छ।

**तपसिल**

**विद्युतीय इन्डक्सन चुलोको प्राविधिक विवरण स्पेशिफिकेशन र आवश्यक कागजात**

- इन्डक्सन चुलो २००० वाट क्षमताको हुनुपर्नेछ। जसमा ५% र १०% सम्मलाई मान्यता दिइनेछ।
- इन्डक्सन चुलोको तापिय क्षमता (Thermal efficiency) ९०% भन्दा बढी हुनु पर्नेछ।
- करेन्ट चुहावट (Leakage Current) ०.२१ मिली एम्पिएर भन्दा कम हुनु पर्नेछ।
- Power Cord को Cross-Sectional Area 1 mm2 भन्दा बढी हुनै पर्नेछ।
- इन्डक्सन चुलो बालबालिकाहरुले जथाभावी नचलाउन भनेर त्यसमा लक (Child Lock) हुनु पर्नेछ।
- इन्डक्सन चुलो बढी तातेको बेलामा स्वचालित रुपमा विद्युत आपुर्ती बन्द हुने सुविधा हुनु पर्नेछ (Overheat Protection Function)
- इन्डक्सन चुलोमा विक्री कर्ताले कम्तिमा २ वर्ष सम्मको बारेन्टिको सुविधा दिएको हुनु पर्नेछ।
- इन्डक्सन चुलो स्थानिय स्तरमै मर्मत सम्भार गर्ने गराउने कुराको ग्यारेन्टी भएको हुनु पर्नेछ।

**इन्डक्सन चुलोमा प्रयोग हने भाँडाको मापदण्ड**

- भाँडाहरू (प्रेसर कुकर र कराई) नेपाल गुणस्तर तथा नापतौल विभाग को मापदन्ड (गुणस्तर चिन्ह प्राप्त) पुरा गरेको हुनु पर्ने छ।
- भाँडामा जडान भएको इन्डक्सन बेसले कम्तिमा २ वर्ष काम गर्ने बारेन्टीको सुविधा दिएको हुनु पर्नेछ।
- भाँडाको इन्डक्सन बेस कारखानावाट नै जडान भएर आएको हुनु पर्नेछ, स्थानिय स्तरमा जडान गरिएको इन्डक्सन बेस भएको भाँडालाई मान्यता दिईने छैन।
- भाँडाहरू (प्रेसर कुकर र कराई) को नाप र आयतन कम्तिमा तल उल्लेख भए तपशिल बमोजीम हुनु पर्ने छ।

| भाँडाको नाम | आकार | तौल (ग्राममा) | कैफियत |
|---|---|---|---|
| इन्डक्सन बेश प्रेसर कुकर | ३ लिटर | १३०० | |
| इन्डक्सन बेश प्रेसर कुकर | ५ लिटर | १७०० | |
| इन्डक्सन बेश कराई | २४ सि.मी बेस भएको | ९०० | कराईको तौलमा कराईको ढक्कनको तौल समावेश गरिएको छैन। |
| इन्डक्सन बेश कराई | २६ सि.मी बेस भएको | १०५० | |
| नोट :- + ५% तौल तलामाथि सम्मलाई मान्यता दिईनेछ। | | | |

---

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**चौरजहारी, रुकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**

## ररेट माग गरिएको सम्बन्धी सूचना

**मिति: २०८३।०१।०७**

उपर्युक्त विषयमा नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत यस चौरजहारी नगरपालिकाका तोकिएका सामुदायिक विद्यालयहरूका लागि विद्युतीय सामाग्री (स्मार्ट बोर्ड, ल्यापटप र व्याकप) को वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्महरूले तपसिल बमोजिमको Quantity को आधारमा खामवन्दी गरी पेस गर्न अनुरोध छ। साथै देहाय बमोजिमको Quantity मा दररेट मिति २०८३/०१/११ गते कार्यालय समयभित्र यस कार्यालयमा बुझाउनु हुन अनुरोध छ।

**Specification:**

| S.N | Components | Unit | Qty. | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Smart Board | NOS. | 12 | | | |
| 2. | Laptop | NOS | 15 | | | |
| 3. | Inverter OR UPS/ Power Backup | NOS. | 15 | | | |

नोटः माथि दिएको सामानको Specification चौरजहारी नगरपालिकाको दिइएको Web Site (https://chaurjaharimun.gov.np/) मा हेर्न सकिनेछ।

---

# भेरीगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**छिन्चु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## दर रेट पेश गर्नेबारे सूचना

**मिति : २०८३/०१/१०**

प्रस्तुत बिषयमा यस भेरीगंगा नगरपालिकाको तपसिलमा उल्लेखित कार्य गर्नुपर्ने देखिएको हुदा यस कार्यालय बाट सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०८३/०१/१६ गते दिनको ५:०० बजे सम्ममा) इच्छुक सप्लायर्स/फर्महरुले भेरीगंगा नगरपालिकाको वेबसाइट www.bherigangamun.gov.np मा यसै सूचना साथ राखिएको BOQ भरि सुचिकृत भई आफ्नो दररेट सिलबन्दी गरि यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सरोकारवालामा यो सूचना प्रकाशित गरिएको छ।

*(नोट: म्याद नाघी पेश भएका प्रस्ताव मान्य हुने छैन।)*

| क्र. सं. | कार्यक्रमको नाम | अधिकतम रकम रु. (भ्याट सहित) | आवश्यक कागजात |
|---|---|---|---|
| १. | बबई हत्तिखाल गेरुवानी घुइयावारी सडक स्तारुन्नतीका लागि आवश्यक निर्माण तथा सुरक्षा सामग्री खरिद। | रु. ९,१६,६२८.६८७/- | १. आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>२. फर्म/सप्लायर्स दर्ता संग सम्बन्धित सम्पूर्ण कागजातहरुको प्रतिलिपि<br>३. सुचिकृत भएको रसिद तथा प्रमाणको प्रतिलिपि |
| २. | गोलपार्क टोलदेखि चंद्रदोभान सडक र झिन्नी खोला छहरा जोड्ने सडक निर्माण, पुरानो वडा कार्यालय देखि मानकोटी टोल सडकमा पक्कि नाला निर्माण, भेरिगंगा -९ | रु. ५,९९,४०३.७२/- | |
| ३. | जन कल्याण टोलमा मोटर पाइप खरिद, भेरिगंगा-११ | रु १,९९,८१८.३३/- | |

**प्रमुख प्रशासकिय अधिकृत**

# गर्मी बढेसँगै बाँकेमा देखिन थाले विषालु सर्प




**◣युग संवाददाता**
**बाँके, ९ वैशाख ।**

गर्मी बढेसँगै बाँकेमा विभिन्न प्रजातिका विषालु सर्प देखिन थालेका छन् । खासगरी रसेल भाइपर, फेटारा, गोबन, करेत, धामन, अजिङ्गरलगायतका सर्प देखिन थालेको डिभिजन वन कार्यालयले जनाएको छ ।

वन कार्यालयका सिनियर डिभिजन वन अधिकृत शङ्करप्रसाद गुप्ताले गर्मी खप्न नसक्ने अवस्थाले सर्प चिसोको खोजीमा बाहिर निस्कँदा केहीको घरमा पसेको उल्लेख गर्दै ती सर्पको उद्धार गरिएको बताए । "अहिले दै निकजसो एउटा सर्पको बस्तीबाट उद्धार गरिएको छ र कहिलेकाहीँ दिनमा तीन सर्पको समेत उद्धार गरिएको छ", उनले भने ।

उनले अहिलेको गर्मीमा विगतको वर्षभन्दा बढी सर्प जमिन बाहिर देखिएको जानकारी दिँदै ती सर्पको उद्धार गरेर जङ्गलमा लगेर छाडिएको बताए । यस आर्थिक वर्षमा चिसोयाममा समेत सर्पको उद्धार भएको थियो ।

उनले अहिलेसम्म यस आर्थिक वर्षमा १४० विभिन्न प्रजातिका सर्पको उद्धार गरिएको जानकारी दिए । सर्प उद्धार गर्नका लागि सशस्त्र वनरक्षक थीरबहादुर थापाको संयोजकत्वमा उद्धार टोली गठन गरिएको गुप्ताको भनाइ छ ।

सो टोलीलाई केही उपकरणसहित सामान्य तालिम दिइएको उल्लेख गर्दै उहाँले नेपालगन्जबाहेक कोहलपुरबाट समेत सर्पको उद्धार भएको बताए । बाँके राष्ट्रिय निकुञ्ज तथा त्यसको मध्यवर्ती क्षेत्रबाहेक जिल्लाका सम्पूर्ण भूभाग डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने डिभिजन वन कार्यालयले जनाएको छ ।

# विकट क्षेत्र खुमखानीमा खानेपानीको समस्या

**◣युग संवाददाता**
**दाङ, ९ वैशाख ।**

दाङको तुलसीपुर उपमहानगरपलिका-४ स्थित विकट क्षेत्र खुमखानीमा खानेपानीको समस्या भएको छ ।

त्यहाँ रहेको 'सोलार सिस्टम' बिग्रिएपछि खानेपानीको समस्या भएको हो । यसअघि स्थानीय माथिल्लो पँधेराबाट 'लिफ्टङ' गरेर खुमखानी लगिएको थियो ।

तर, पछिल्लो एक महिनादेखि पानी तान्ने उपकरण बिग्रिएपछि खानेपानीको समस्या भएको स्थानीय अमर घर्तीले जानकारी दिए ।

खानेपानीको मोटर बिग्रिँदा त्यहाँका ३५ घरधुरी प्रभावित छन् । हाल पानी ल्याउन दुई घण्टा हिँड्नुपर्ने अवस्था रहेको उनको भनाइ छ । "अहिले खानेपानीको मोटर बिग्रिँदा गाउँमा पानी आएको छैन", उनले भने, "अहिले दुई घण्टा हिँडेर माथिल्लो पँधेराको मुहानमा खानेपानी ल्याउनुपर्ने अवस्था छ ।"

खानेपानीको हाहाकार हुँदा त्यहाँका नागरिक पलायन हुने अवस्था रहेकोसमेत उनको भनाइ छ । "बाह्र वर्षभन्दाअघि खानेपानी नहुँदा धेरै घर बसाइँसराइ गर्नुभएको थियो", उनले भने, "अब पनि पानी नआउने अवस्था भएमा गाउँ नै पलायन हुने अवस्था आउन सक्छ ।" तुलसीपुर उपमहानगरपालिका, विद्युत् प्राधिकरण वितरण केन्द्र तुलसीपुरले समस्या समाधानतर्फ ध्यान नदिएको तुलसीपुर-४ निवासी जितबहादुर थापाले बताए ।

**अनुसुची–१५**
**(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८३/०१/१०**

श्री देउती वराह सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-०७, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको सल्लो गोलिया काठ ग्रेड (ए) ५८ थान ११२२.१६ क्यूफिट, ग्रेड (बि) ११ थान ११२.१५ क्यूफिट गरी कुल जम्मा ६९ थान १२३४.३१ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री देउती वराह सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-०७, सुर्खेत श्री बड्डीचौर सव-डिभिजन वन कार्यालय हुर्के, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री देउती वराह सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-०७, सुर्खेत ।**

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

**(प्रकाशित मिति २०८३/०१/१० गते**

सुर्खेत वी.न.नपा. वडा नं. २ बस्ने श्री याम कुमारी शाहीले यस वी.न.न.पा. वडा नं. १० साविक लाटीकोइली ८घ कि.नं. १२२७, क्षेत्रफल २४९ .५८ वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी** : बाटो
**पश्चिम जग्गाधनी** : जानुका शाही
**उत्तर जग्गाधनी** : मान सिंह थापा
**दक्षिण जग्गाधनी** : पवित्रा सारु

## कर्मचारी आवश्यकता

यस होटल नमस्ते नेपाल तथा जेयाना रेष्टुरेन्ट एण्ड बारका लागि तपसिल बमोजिमका कर्मचारीहरू आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला ।

**तपसिल**
**१. पद : कुक संख्या :-** ३ जना (कम्तीमा ५ वर्षको माथि अनुभव भएको)
**२. वेटर : संख्या :-** ५जना (कम्तीमा १ वर्ष माथिको अनुभव भएको ।)
**२. क्यापटन : संख्या :-** २ जना (कम्तीमा ३ वर्ष माथिको अनुभव भएको ।)

**तलब :-**
अनुभवको आधारमा दुबै पक्षको आपसी समझदारीमा निधारण गरिनेछ । अन्य सेवा सुविधाको हकमा होटलको नियमानुसार प्रदान गरिनेछ ।

**होटल नमस्ते नेपाल तथा जेयाना रेस्टुरेन्ट एण्ड बार**
**वीन.पा-६, पिपलचौतारी, सुर्खेत**
**९८४८०७८४३५/९८५८०५१४७०**
*(नोट : डकुमेन्टहरु यस hotelnamaste.skt@gmail.com ईमेलमा पठाउन सक्नुहन्छ ।)*

# पञ्चकोशीमा...

पश्चिम नेपालका हिन्दू धर्मावलम्बीहरु यस क्षेत्रमा देव कर्म, पितृ कर्म लगायतका धार्मिक अनुष्ठान गर्नाले सिद्धी प्राप्त हुने विश्वास गर्दछन् । भौगोलिक विकटताको कारणले उजागर हुन नसकेको धार्मिक, ऐतिहासिक, पर्यटकीय र आर्थिक महत्वसमेत ओगटेको पञ्चकोशी नेपालकै प्रचुर मात्रामा पेट्रोलियम ग्यासको सम्भाव्य क्षेत्र पनि हो ।

वि.सं. २०७२ को चैतमा नेपाल र चीनबीच भएको द्विपक्षीय सम्झौताअनुसार यस क्षेत्रमा पेट्रोलियम ग्यास खानीबारे विस्तृत अन्वेषण गर्न दिन बनेको परियोजना नेपाल सरकारले स्वीकृत गरी हाल सञ्चालनमा रहेको छ ।

## Vacancy Announcement

Modern Public School, located at Birendranagar 1, Surkhet is looking for some qualified, dynamic and dedicated individuals for the following positions:

**Position:** Secondary level Teachers
(Math/English/Science/Nepali/Social)

At least Bachelor Degree holders with Teaching experience can contact 9858051072 within seven days.

**Salary:** Rs. 30,000 -45,000 and grade facility.

**Contact :**
**Modern Public School**
**Birendranagar 1, Surkhet**
**Phone no. : 9858051072**





## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शूल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)





**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।